"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा

स्थापना: २०७३

कोशी प्रदेश , नेपाल

पत्र संख्या: २०८२/०८३

चलानी नं: ७१८

मिति: २०८२/०८/१९

**बिषय :-** सार्वजनिक सुनुवाई एवं लालिगुराँस पादमार्ग उपभोक्ता तथा निर्माण समिति गठन सम्बन्धमा ।

श्री १ नम्बर वडा कार्यालय, चैनपुर
श्री २ नम्बर वडा कार्यालय, चैनपुर
श्री ४ नम्बर वडा कार्यालय, चैनपुर

मिति २०८२/०८/१७ गते बसेको लालिगुराँस पदमार्ग परियोजना समन्वय समितिको बैठकको निर्णय अनुसार स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार र यस चैनपुर नगरपालिकाको संयुक्त साझेदारीमा लालिगुराँस पदमार्ग निर्माणको लागि **"स्थानीय तहका लागि पदमार्ग निर्माण एवं पुनर्निर्माण तथा प्रवर्द्धन गर्नका लागि कार्यान्वयन मापदण्ड, २०८२"** अनुसार ४०% महिला सदस्य तथा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा २ जना महिला पदाधिकारी अनिवार्य समावेश हुने गरी ७ देखी ११ सदस्यीय पदमार्ग उपभोक्ता तथा निर्माण समिति गठन गर्नु पर्ने भएको हुँदा सार्वाजनिक सुनुवाई एवं उपभोक्ता तथा निर्माण समिति गठन गर्ने सम्बन्धमा यस चैनपुर नगरपालिका अन्तर्गत पर्ने लागिगुराँस पदमार्ग क्षेत्रका वडा नं. १,२ र ४ मा स्थाई रुपमा बसोवास गर्नु हुने प्रत्यक्ष सरोकार भएका स्थानीय बासीहरुलाई तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिएको सार्वजनिक सुनुवाई एवं सरोकारवालाहरुको भेला मार्फत लागिगुराँस पदमार्ग उपभोक्ता तथा निर्माण समिति गठन गर्न यो सूचना प्रकाशन गरिएको हुँदा ताहाँ वडा कार्यालयबाट सम्बन्धित सरोकारवालाहरुलाई सूचना सम्प्रेषण गरी उल्लिखित मिति, समय, र स्थानमा भेला जम्मा गराई लागिगुराँस पदमार्ग उपभोक्ता तथा निर्माण समिति गठन गर्न आवश्यक सहयोग पुर्‍याई दिनुहुन अनुरोध छ ।

**तपिसल**

१. मिति : २०८२ साल पौष ०४ गते शुक्रवार
२. समय: १० वजे
३. स्थान : ४ नम्बर वडा कार्यालयको सभाहल

.......................
(ओमिकार प्र. न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

**Website:** *www.chainpurmun.gov.np*, **Email:** *info@chainpurmun.gov.np* ☎:029-570270, 9852077111